आज मिति २०७७ भदौ ०५ गते शुक्रबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँ कार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा वसि तपसिलका प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति</u>:

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपध्यक्ष |
| ३. श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्ली वहादुर के सी | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| ७. श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री राम वहादुर के सी | सदस्य |
| ९. श्री दुर्गा वहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. मधुसुदन के.सी. | इन्जिनियर |
| १७.यज्ञ .बहादुर बस्नेत | ज.स्वा.नि. |

**प्रस्तावहरु**

प्र.नं. १ विज्ञ छनोट।

प्र.नं. २ बहुवर्षिय सडक छनोट ।

प्र. नं. ३ संघिय समपुरक योजना ।

प्र. नं. ४ निर्णय अनुमोदन ।

प्र.नं. ५ प्रहरी चौकीको जग्गा खोजि ।

प्र नं. ६ डि पि आर ।

प्र नं ७ वजेट संशोधन ।

प्र. न. ८ राहत उपलब्ध गराउने ।

प्र.न. -९ पालिका अस्पताल संचालन ।

प्र.नं. १० पालिका अस्पताल भवन ।

**निर्णयहरु**

**निर्णय नं १ :** प्रस्ताव नं १ मा छलफल गर्दा युवा रोजगारीका लागि रुपान्तर पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम यस गाउँपालिकामा प्राविधिक सहायक पदपुर्ति गर्नको लागि पूर्वाधार विकास कार्यालयमा सिभिल इन्जिनियर पदमा कार्यरत श्री विनोद पूनलाई विषयविज्ञको रुपमा बोलाउने निर्णय गरियो ।

**निर्णय नं २ :** प्रस्ताव नं २ मा छलफल गर्दा मौलाहाल्ने - फारुला - दार्माकोट -स्यालागाँउ - नुवाकोट ( शहिद धनखिम मार्ग) सडकलाई वहुवर्षिय सडकको रुपमा छनोट गरि उक्त सडक खण्ड अन्तर्गत पर्ने मासुगार खोला सडक पुल र दार्मा खोला सडकपुल माग गर्नको लागि डिपीआर संलग्न राखि कर्णाली प्रदेश, भौतिक विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं. ३ मा छलफल गर्दा आ.ब. २०७७/०७८ को गाउँसभाबाट विद्युत्तीकरणको लागि स्विकृत रु ६० लाख बजेटलाई दार्मा गाउँपालिकामा विद्युतिकरण विस्तारको लागि संघिय सरकारसँग साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :** प्रस्ताव नं ४ मा छलफल गर्दा दार्मा गाउँपालिका शिक्षा समितिले मिति २०७७।०५।०४ गते गरेको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं ५ :** प्रस्ताव नं ५ मा छलफल गर्दा इलाका प्रहरी चौकीको भवन निर्माण गर्न जग्गा प्राप्तिको लागी पुर्वमा ढाँरापिपल, पश्चिमममा कालेखोला उत्तरमा थुम्कीसल्ली दक्षिणमा मासुगारडाँडा

**निर्णय नं ५ :** प्रस्ताव नं ५ मा छलफल गर्दा इलाका प्रहरी चौकीको भवन निर्माण गर्न जग्गा प्राप्तिको लागी पुर्वमा ढाँरापिपल, पश्चिममा कालेखोला उत्तरमा थुम्कीसल्ली दक्षिणमा मासुगारडाँडा पिपलबोट हुने गरि यस चार किल्ला भित्र निशुल्क कम्तिमा २ रोपनी जग्गा दानको लागि ७ दिने सार्वजनिक सुचना आहवान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** प्रस्ताव नं ६ मा छलफल गर्दा दार्मा गाँउपालिकाका तपशिल वमोजिमका योजनाहरुको तपशिल वमोजिमका खर्च शिर्षकबाट डि पि आर गर्ने निर्णय गरियो ।

**तपसिल**

| स्विकृत योजना/ कार्यक्रम | योजना | कार्यापालिकाबाट विनियोजीत बजेट |
|---|---|---|
| पुजिगत अनुसन्धान तथा परामर्श सेवा | दार्मा गाउँपालिका आवधिक योजना निर्माण | १८०००००। |
| दार्मा गाउँपालिका भित्रका विद्यालय भवन मर्मत | दार्मा गाउँपालिकाका सबै विद्यालयहरुको डिपिआर | १००००००। |

**निर्णय नं ७ :** प्रस्ताव नं ७ मा छलफल गर्दा आ. ब.२०७६।०७७ को संघिय सरकारबाट हस्तान्तरित तपशिल वमोजिमका चालु तथा पुजिगत खर्च शिर्षकबाट बचत हुन गएको तपशिल वमोजिमको खर्च शिर्षकको रकम आ. ब. ०७७।७८ को बजेटमा समावेश गरि फिर्ता गर्ने निर्णय गरियो ।साथै यस आ.ब. २०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार पदाधिकारीको पारिश्रमिक शिर्षकमा रु ७५०००००। रु पचहत्तर लाख मात्र विनियोजन भएकोमा उक्त शिर्षकको रकमलाई पदाधिकारीको अन्य सुविधामा शिर्षक कायम गरि रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिल**

१. पुजिगत खर्च अन्तर्गत वचत हुन गएको रकम रु. ४३ लाख ९८ हजार ६ सय ४४ मात्र ।
२. चालु खर्च अन्तर्गत वचत हुन गएको रकम रु १ करोड ७ लाख ६१ हजार २८ मात्र ।
३. विशेष अनुदान अन्तर्गत वचत हुन गएको रकम रु.१८ लाख ४६ हजार ३ सय ८२ मात्र ।

**निर्णय नं ८ :** प्रस्ताव नं ८ मा छलफल गर्दा दार्मा गाउँपालिका वडा नं. २ निवासी प्रशाराम खत्रीको छोरी बर्ष १७ को आशा के.सी. थाइराइडको क्यान्सरबाट पिडित भएको बी.पी. कोइराला मेमोरियल क्यान्सर हस्पिटल भरतपुर चितवनको र दार्मा गाउँपालिका ३ नं. वडा निवासी गौरी दहाल ब्रेन

ट्यूमरबाट ग्रसित भएको अन्नपुर्ण न्युरो अस्पताल काठमाण्डौको प्रतिवेदनबाट प्रमाणित भएको हुँदा आकस्मिक कोष संचालन कार्यविधि २०७४ बमोजिम रु जनही २००००। राहत दिने निर्णय गरियो ।वाघखोर- ढाकाडामकोट- साडट-झ्यारिवाङ - फारुला- तिमिलकाँडा (शहिद सत्यभद्र मार्ग) स्तरोन्नतिको गर्नेक्रममा दार्मा २ डल्सिङ निवासी श्री किरण खत्रीको पानी मिल र घट्टमा पूर्ण क्षति भएको र धिरेन्द्र के.सी. को गोठ, भकारो र सौचालयमा पूर्ण क्षति भएको हुँदा जनही रु २००००।का दरले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम दिने निर्णय गरियो ।

**निर्णय नं ९** : प्रस्ताव नं.९ मा छलफल गर्दा आ.ब २०७६।०७७ को नीति अनुसार यस आ.ब. २०७७।०७८ देखि १५ सैयाको पालिका अस्पताल संचालन गर्नको लागि मेडीकल अफिसर सहितको जनशक्तिको व्यवस्थापनको लागि कर्णाली प्रदेश,समाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं १०** : प्रस्ताव नं १० मा छलफल गर्दा दार्मा गाउँपालिकामा १५ सैयाको पालिका अस्पतालको लागि समाजिक विकास मत्रालय मार्फत भवन माग गर्ने निर्णय गरियो ।